आज मिति: २०८१/०६/१७ गतेका यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री कुश बहादुर थेबेज्यूको अध्यक्षतामा माईजोगमाई गाउँ कार्यपालिकाको दोस्रो कार्यकालको ४३ औं बैठक देहायका सदस्यहरुको उपस्थितिमा बसि तपशिल बमोजिमको प्रस्ताव उपर छलफल गरी निर्णयहरु पारित गरियो ।

**उपस्थिति:**

| | |
|---|---|
| श्री कुश बहादुर थेबे | गाउँपालिका अध्यक्ष |
| श्री प्रबिना राई | गाउँपालिका उपाध्यक्ष |
| श्री याम कुमार कार्की | १ नम्बर वडा अध्यक्ष |
| श्री डम्बर बहादुर सुबेदी | २ नम्बर वडा अध्यक्ष |
| श्री राम घिमिरे | ३ नम्बर वडा अध्यक्ष |
| श्री डुरन देवान | ४ नम्बर वडा अध्यक्ष |
| श्री निर्मलध्वज राई | ५ नम्बर वडा अध्यक्ष |
| श्री दिपेश सोडमी | ६ नम्बर वडा अध्यक्ष |
| श्री कमला न्यौपने | कार्यपालिका सदस्य |
| श्री धनलक्ष्मी सोडमी | कार्यपालिका सदस्य |
| श्री राम कुमारी परियार | कार्यपालिका सदस्य |
| श्री लक्ष्मी राई | कार्यपालिका सदस्य |
| श्री अम्बर बहादुर थामी | कार्यपालिका सदस्य |
| श्री छत्र बहादुर दर्जी | कार्यपालिका सदस्य |
| श्री कुमार बस्नेत | सदस्य सचिव |

**अन्य उपस्थिति:**

| | |
|---|---|
| श्री गोकुल प्र. सँग्रेल | - प्रशासन शाखा |
| श्री अमोघ लिम्बु | - -"- |
| श्री मदन राई | - |
| श्री पूर्ण फेंबदिन | - |

CamScanner

प्रस्तावहरु

मिति२०८१/०६/१७ गतेको ४३औ कार्यपालिका बैठकको प्रस्तावनाहरु

१. बिगत बैठकको समिक्षा सम्बन्धमा ।
२. एम्बुलेन्स चालकको परिक्षा संचालन सम्बन्धमा ।
३. शिक्षा समितिकोनिर्णय अनुमोदन सम्बन्धमा ।
४. निशान पदमार्ग उद्धाटन कार्यक्रम सम्बन्धमा ।
५. तत्काल विपद राहत सामग्री उपलब्ध गराउने सम्बन्धमा ।
६. फैसला तथा मिलापत्र कार्यान्वयन कार्यविधि पारित गर्ने सम्बन्धमा ।
७. विजय दशमी २०८१ को शुभकामना आदन प्रदान सम्बन्धमा ।
८. परीक्षा संचालनको लागि विज्ञ छनौट गर्ने सम्बन्धमा ।
९. उपभोक्ता समितिलाई अभिमुखिकरण तालिम संचालन सम्बन्धमा ।
१०. मौलो पुजा सम्बन्धमा ।
११. महिला लक्षित कार्यक्रम सम्ब्नधमा ।
१२. दैनिक भ्रमण भत्ता उपलब्ध गराउने सम्बन्धमा ।
१३. गुनासो सुनुवाई अधिकारी छनौट सम्बन्धमा ।
१४. घाट निर्माण सम्बन्धमा ।
१५. मेसिन संचालन संम्बन्धमा ।

निर्णयहरुः-

१. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा ४० औं कार्यपालिका बैठकका सम्पूर्ण निर्णयहरु कार्यान्वयन भएको पाईएकोले सन्तोषजनक प्रगति भएको समिक्षा गरियो ।
२. यस माईजोगमाई गाउँपालिकाको कार्यालयमा संचालनमा रहेको एम्बुलेन्सको चालकले निजको व्यक्तिगत कारण देखाई राजिनामा दिए पश्चात रिक्त रहेको एम्बुलेन्स चालकको पदपूर्तिका लागि मिति २०८१-०५-०७ सूचना मार्फत गते आवेदन माग गरीएकोमा उक्त परीक्षामा लिखित मौखिक प्रयोगात्मक परीक्षा संचालन गरीने भनिएता पनि उक्त परीक्षामा लिखित परीक्षा नगरी प्रयोगात्मक तथा अन्तर्वार्ता मात्र संचालन गर्ने र सोको लागि आवश्यक विज्ञको रुपमा जिल्ला ट्राफिक प्रहरी कार्यालय इलाम अन्तर्गत फिक्कल ट्राफिक प्रहरी कार्यालयमा कार्यरत प्रहरी सहायक निरिक्षक श्री श्याम थापालाई तोक्ने र परीक्षा समेत परीक्षा समितिको बैठक बसि संचालन गर्ने निर्णय गरीयो ।
३. यस माईजोगमाई गाउँपालिका वडा नम्बर १ अन्तर्गत रहेको विद्याल हिसे होसेर सेरफ रडलिङ आधारभूत विद्यालयको नाम श्री पदम मणी आधारभूत विद्यालय नामाकरण गर्ने भनि शिक्षा समितिद्वारा निर्णय भई आएको हुँदा उक्त नाम परिवर्तन गर्ने निर्णय अनुमोदन गर्ने निर्णय गरीयो ।
४. प्रस्तुत विषयमा नेपाल एकिकरण पश्चात निशान छापलाई हालको सूर्योदय नगरपालिका अन्तर्गत छब्बिसे, कर्फोक हुँदै यस माईजोगमाई गाउँपालिकाको वडा नम्बर ४ साबिक नामसालिङ गाबिसको हात्तिटार मा करिब २ महिना राखि हाल सम्म इलामको माईस्थानमा राखिएको इतिहासलाई सम्झदै सो निशान पदमार्गलाई संरक्षण गर्दै ऐतिहासिक निशान पदमार्ग पहिचान गरी कार्यक्रममा सहभागिता जनाउन यस

CamScanner

माईजोगमाई गाउँपालिकाको तपशिल बमोजिम समन्वय समिति निर्माण गरी निशान पदमागर्ग उद्घाटनमा सहभागि हुने निर्णय गरीयो ।

तपशिलः

| | |
|---|---|
| श्री डुरन देवान | संयोजक |
| श्री राम घिमिरे | सह- संयोजक |
| श्री कमला न्यौपाने | सदस्य |
| श्री दिलमाया लाम्मादे | सदस्य |
| श्री निश्चल राई | सदस्य |
| श्री कुमार तामाङ | सदस्य |
| श्री शकुन्तला पौडेल | सदस्य |
| श्री कल्पना देवी सार्की | सदस्य |
| श्री बिक्रम राई | सदस्य |
| श्री प्रेम बहादुर गोले | सदस्य |
| श्री नरेन्द्र देवान | सदस्य |
| श्री उज्ल देवान | सदस्य |
| श्री नरेश राई | सदस्य |
| श्री रमेश सुवेदी | सदस्य |
| श्री भोज कुमार संजेल | सदस्य |
| श्री मान बहादुर पौडेल | सदस्य सचिव |
| श्री राज देवान | सदस्य |

५. यस माईजोगमाई गाउँपालिकामा अत्याधिक अविल वर्षादका कारण पूर्ण रुपमा क्षति भएका व्यक्ति जस्को घर बाढीपहिरोले बगाएको वा बस्न नमिल्ने व्यक्तिहरुको पहिचान गरी विपद व्यवस्थापन समिति द्वारा निर्णय गरी सिफारीस गरेका व्यक्तिहरुलाई तपशिल बमोजिम प्रतिव्यक्ति राहात उपलब्ध गराउने निर्णय गरीयो ।

तपशिलः

प्रति एक घर- चामल-४० केजी, तेल- ५ लिटर, दाल-२ केजी, साबुन ५ वटा, र आवश्यक परेको खण्डमा १८*२४ को त्रिपाल समेत उपलब्ध गराउने ।

६. यस माईजोगमाई गाउँपालिकाको न्यायीक समिति अन्तर्गत रहेको फैसला तथा मिलापत्र कार्यविधि २०८१ पारित गरी कार्यान्वयन गर्ने निर्णय गरीयो ।

७. आउँदैगरेको बडा दशैं, शुभ दिपावली, छैट, उधौली पर्वको पावन अवसरमा यस माईजोममाई गाउँपालिका भित्र रहेको आम नागरीक सरोकारवाला स्थानिय बुद्धिजिवी, प्रहरी प्रशासन, विभिन्न राजनैतिक दल, जनप्रतिनिति तथा कर्मचारी लगायतको उपस्थितिमा मिति २०८१/०६/२२ गते मंगलबार ठिक ११ बजे माईजोगमाई गाउँपालिकाको सभाहलमा गर्ने निर्णय गरीयो ।

८. प्रस्तुत विषयमा यस माईजोगमाई गाउँपालिकाको रिक्त रहेको इन्जिनियर पदको लिखित तथा मौखिक तथा सम्पूर्ण प्रकृया पूरा गर्नको लागि आवश्यक विषय विज्ञका रुपमा बुद्धशान्ती गाउँपालिकाको कार्यालयमा सातौं तहमा कार्यरत इन्जिनियर श्री प्रकाश चौधरीलाई तोक्ने र परीक्षा समितिको निर्णय बमोजिम परीक्षा संचालनको मिति तोक्ने निर्णय गरीयो।

९. यस माईजोगमाई गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ का स्वीकृत कार्यक्रम अन्तर्गत आयोजना संचालन सम्बन्धी सम्पूर्ण विषयलाई समेटदै गत वर्षहरु झै अभिमुखिकरण कार्यक्रम दशैको विदा पश्चात संचालन गर्ने निर्णय गरीयो।

१०. विजय दशमीको अवसरमा यस माईजोगमाई गाउँपालिका अन्तर्गत रहेका प्रहरी चौकीहरु द्वारा मौलो पुजाको आयोजना गरि पुजा आजा गर्ने परम्परा रहेको र त्यसको लागि प्रत्येक वर्ष गाउँपालिकाले आफ्नो मातहतमा रहेको प्रहरी चौकी तथा बिओपीहरुलाई आर्थिक सहयोग गर्ने भएको हुँदा पूजा संचालन पश्चात आवश्यक विल भर्पाईको आधारमा तपशिल बमोजिम नबढ्ने गरि मौलो पुजा आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरीयो।

तपशिलः

क. नयाँ बजार इलाका प्रहरी चौकी (ख)- रु १५०००/-

ख. नामसालिङ प्रहरी चौकी रु १००००/-

ग. जौबारी प्रहरी चौकी रु १००००/-

घ. जौबारी बि.ओ.पी. रु १००००/-

११. प्रस्तुत विषयमा यस माईजोगमाई गाउँपालिका अन्तर्गत महिला लक्षित कार्यक्रम अन्तर्गत विनियोजित रकम रु ६०००००/- छ लाखबाट तपशिल बमोजिमको कार्यक्रममा खर्च गरी संचालन गर्ने निर्णय गरीयो।

तपशिलः

क. हरितालका तिज विषेश कार्यक्रम रु १२००००/- एक लाख विस हजार रुपैयाँ।

ख. महिला समन्वय समितिको प्रशासनीक खर्च रु १०००००/- एक लाख रुपैयाँ।

ग. नारि दिवस कार्यक्रम संचालन खर्च रु ५००००/- पचास हजार रुपैयाँ।

घ. आय-आर्जन कार्यक्रम रु ३,३०,०००/- तीन लाख तिस हजार रुपैयाँ।

१२. प्रस्तुत विषयमा भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र इलामको च.नं. ०८ मिति २०८१-०४-२० को पत्रानुसार र यस गा.पा को च.नं. १०६ मिति २०८१-०४-२३ को पत्र बमोजिम व्यवसायिक बाख्रा पालन तालिम दुहविमा तालिमको लागि पठाईएका तपशिलका कृषकहरुको पाउनु पर्ने भ्रमण भत्ता यसै कार्योलयबाट उपलब्ध गराउनु पर्ने भनि लेखि आएको हुँदा नियम बमोजिम निजहरुलाई उपलब्ध गराउने निर्णय गरियो।

तपशिलः

श्री ठाकुर सेम्बो माईजोगमाई-४

श्री दुर्गा संजेल माईजोगमाई-५

१३. नेपाल सरकार भूमि व्यवस्थापन, सहकारी तथा गरिबी निवारण मन्त्रालयको मिति २०८१/०५/३१ को च.नं. २०५ को पत्र बमोजिम उक्त मन्त्रालयद्वारा संचालन गरिएको गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रमको गुनासो सुनुवाई कार्यक्रम यस आ.व २०८१/०८२ मा यस पालिकामा समेत

संचालन गर्नु पर्ने भएको हुँदा नेपाल सरकार शसर्त अनुदान कार्यक्रम को खर्च शिर्षक २६३३२ मा रु. २ लाख रकम वित्तिय हस्तान्तरण मार्फत कार्यक्रम संचालनको लागि बढिमा २ महिनाको तलव उपलब्ध गराउने गरी गुनासो सुन्ने अधिकारीको रुपमा श्री हरि पोखेल माईजोगमाई-५ र श्री समिर भण्डारी माईजोगगमाई ५ लाखई छनौट गर्ने निर्णय गरीयो ।

१४. प्रस्तुत विषयमा सामाजिक विकास मन्त्रालय कोशी प्रदेश नेपालद्वारा चालु आर्थिक वर्ष २०८१/०८२ मा स्वीकृत कार्यक्रम अनुसार विभिन्न जातजातिका समाधिस्थल, कब्रस्थान र घाटहरु निर्माण गर्ने र सो को लागि एक पालिका एक त्यस प्रकारको आयोजना संचालन गर्ने भनि बजेटमा समावेश भएको हुँदा सोको लागि यस माईजोगमाई गाउँपालिका वडा नम्बर २ अन्तर्गत जोगमाई घाट निर्माणको लागि छनौट गर्ने निर्णय गरीयो ।

१५. प्रस्तुत विषयमा यस माईजोगमाई गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत कार्यक्रमको प्रत्येक वडामा विनियोजन गरीएको ४ लाख बराबरको रकमबाट चाडै पर्व र विपदका कारण धेरै ठाउँमा काम गर्नु पर्ने र उक्त तत्काल गर्नु पर्ने भएको हुँदा सम्पूर्ण वडाहरुमा विनियोजन रकमबाट गरीने उक्त ४ लाख बराबरको सडक सम्भार तथा सोहर साहर योजना शत प्रतिशत मेसिनद्वारा गर्नका लागि ६ वटै वडाहरुलाई अनुमति दिई जानकारी गराउने निर्णय गरीयो ।

CamScanner